# कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.१५/०७९/०८० मिति २०८०।०१।३० गतेको एजेण्डा तथा निर्णयहरू

**छलफल गरिने विषयहरू र निर्णयहरू (Agendas and Decisions)**

१. ग्रामीण बजारहरूको ठेक्का लगाउने सम्बन्धमा ।

निर्णयः तपसिल बमोजिमका बजारहरूको देहाय अनुसारको न्यूनतम अंक कायम गरी ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

| वडा नं. | बजारको नाम | दर (प्रतिदिन) | न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|
| २ | दोहरी | | १ लाख | |
| ७ | दरबार चौक, बरेवा चौक र दुर्गा मा.वि.को अगाडीको बजार | | ३ लाख | |
| १० | मटिअर्वा र नहर चौक | | १.५ लाख | |
| १४ | भवरा र बघवन | | २ लाख | |
| १६ | मझौलिया र चिनीमिल | | २ लाख | २टा बजार |
| १८ | मोतिसर र सिसहनिया | | २० हजार | |
| १९ | पचायनपुर | | ५० हजार | |
| २० | बसतपुर | | २ लाख | |
| २१ | भोडाहा, मदिलवा र मटिअरिया | | २ लाख | |
| २२ | पोखरी | | १ लाख | |

२. सडक बोर्ड सम्बन्धमा ।

निर्णयः यस उपमहानगरपालिका अन्तर्गत आ.व. २०७९।०८० को योजना निम्ति ताहाँ कार्यालयबाट स्वीकृत बजेट रु.९०,००,०००।–(अक्षरेपी नब्बे लाख मात्र)(पिच सडक तथा नाला मर्मत कार्य) प्राप्त भएको पत्रानुसार यहाँ कार्यालयको च.नं.३८३८ मिति २०७९।१०।२७ मा वार्षिक कार्यक्रम ठेक्का प्रक्रियाबाट गरिने गरी पठाईएको तथा पहिलेका वर्षहरूमा आउँदो मंसिरसम्म योजना सम्पन्न गर्नुपर्ने म्याद हुन्थ्यो तर हाल त्यहाँबाट आषाढ मसान्त भित्रै योजना सम्पन्न नभए बजेट फ्रिज हुने मौखिक जानकारी प्राप्त हुन आएको तथा सडक बोर्ड निर्देशिका, २०६१ को परिच्छेद ५ मा उपभोक्ता समितिबाट काम गराउन सकिने व्यवस्थाको निर्देशन ३५ मा सडक सम्बन्धी निकायको क्षेत्रभित्र पर्ने सडकको मर्मत, पुर्नस्थापना तथा स्तरवृद्धि गर्दा रु.२५ लाखसम्मको काम उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था भए बमोजिम आषाढ मसान्तभित्र सम्पन्न गर्न रु.१,२८,५३,४४६।३९(भ्याट समेत) एउटै लागतमा पठाईएको योजनाहरूलाई वडागत रुपमा टुक्रा गर्दा तपसिल बमोजिमको योजनाहरू तपसिलको प्रक्रिया अनुसार अगाडी बढाउने निर्णय गरियो ।

## तपसिल

| सि.नं | योजनाको नाम | लागत ईष्टिमेट | प्रकृया |
|---|---|---|---|
| १) | मुल सडक हुँदै राम मंदिर हुदै बाल मंदिर जाने बाटो सम्म | २४,९७,९३३।२० | उपभोक्ता समिति |
| २) | मुल सडक देखि घरेलु कार्यालय हुदैं वडा नं. ४ ब्रहमबाबा सम्मको बाटो | २४,९६,४८५।७६ | उपभोक्ता समिति |
| ३) | मुल सडक देखि राम राजा क्याम्पस सम्मको बाटो | २४,९८,५९३।६५ | उपभोक्ता समिति |
| ४) | बर गाछी देखि बेलपाती क्लब सम्मको बाटो | २४,९४,६५६।५१ | उपभोक्ता समिति |
| ५) | मुल सडक देखि नेशनल स्कुल सम्मको बाटो | २४,९५,६४५।८३ | उपभोक्ता समिति |

३. वडा नं.२४ को जग्गा खाली गराउने सम्बन्धी ।

निर्णयः प्रस्ताव नं.३ माथि छलफल गर्दा वीरगंज-१०, पर्सा निवासी शम्भु प्रसाद कलवारले निजको कलैया-२४ स्थित रहेको जग्गामा भएको गिट्टी, बालुवा तथा मेशिनरी औजारहरू सन् २०१५ देखि ठेकेदारले छोरेर फरार भएकोले सामानहरू हटाई जग्गा खाली गराई दिनु भनी दिएको निवेदन उपर प्राविधिकबाट निरीक्षण गरी Mix Gravel 2252.25 Cum & Crushed Aggregate जम्मा 550.80 Cum ग्राभेल सामाग्री रहेको भनी दिनु भएको प्रतिवेदनमाथि छलफल गर्दा त्यहाँ भएको ग्राभेलहरू तपसिल बमोजिमको विभिन्न बाटो मर्मत गर्ने कार्यमा प्रयोग गर्ने तथा मेशिनरी औजारहरू सिचाँई कार्यालयमा ल्याई राख्ने निर्णय गरियो ।

| वडा नं. | क्र.सं. | बाटोको विवरण | आयतन (घन मि.) |
|---|---|---|---|
| ०१ | १. | कलैया गाउँबाट टेङ्गरहर खोला जाने बाटो | |
| ०३ | २. | भवानीपुर बहादुर महतोको घरदेखि खौराहीसम्म | |
| ०४ | ३. | मालपोत देखि उत्तर बोरिङ्ग देखि आमवा टोल बाटो | |
| ०५ | ४. | नगरपालिकादेखि चिमनीमाई जाने बाटो | |
| ०९ | ५. | लुधियाटोल टेङ्गरहरदेखि कट्टिपर्सा जाने बाटो | |
| १७ | ६. | भवानीपुरदेखि वडा कार्यालयसम्म बाटो मर्मत | |
| २२ | ७. | राजेन्द्र चौधरीको खेतदेखि त्रिमार्गी चौकसम्म | |
| २४ | ८. | बेलवाडी भन्दा पश्चिम पिपरिया जाने बाटो | |
| | ९. | सखुई भन्दा पश्चिम फत्तेपुर जोडने बाटो | |
| | १०. | सखुई भन्दा पूर्व टेङ्गरहर खोला जोड्ने बाटो | |
| | ११. | बेलवाडी र सखुई र मनहर्वामा माटो पुरी ग्राभेल | |
| २५ | १२. | सिसहनिया चौकको ट्रान्सफर्मर देखि फ्युचर स्टार बोर्डिङ्ग हुँदै मोहन ठाकुरको घरसम्म | |
| २६ | १३. | हिरालाल कलवारको घरदेखि जोगी पाण्डेय घरसम्म | |

४. स्पष्टीकरण सोधने सम्बन्धमा ।

निर्णयः नगर कार्यपालिकाका सदस्यहरू बिना पूर्व सूचना/जानकारी लगातार ३ वटा बैठकमा अनुपस्थित भएमा त्यस्तो सदस्यलाई स्पष्टीकरण सोधने निर्णय गरियो ।

५. मालपोतको अगाडी पार्किङ्ग सम्बन्धमा ।

निर्णयः तपसिल अनुसारको पार्किङ्गको ठेक्का कलैया-३ निवासी विजय साह कानुलाई दिने निर्णय गरियो ।

| क्र.सं. | ठाउँको नाम | दर | | ठेक्का रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | बाईक | साईकल | | |
| १ | मालपोतको अगाडी | रु.५।- | ० | ५,०००।- | |
| २ | जि.प्र.का.अगाडी | रु.५।- | ० | ५,०००।- | |

६. आर्थिक सहयोग सम्बन्धमा ।

निर्णयः तपसिल बमोजिमको कार्यको लागि आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

क) वडा नं.४ मा कालिमाईको मेलाको लागि रु.५०,०००।— सहयोग उपलब्ध गराउने ।

ख) वडा नं.२५ को दलित मन्दिर प्राण प्रतिष्ठान खर्च रु.१५,०००।— उपलब्ध गराउने ।

७. वडा नं.३ को स्वास्थ्य चौकी निर्माण सम्बन्धमा ।

निर्णयः प्रस्ताव नं.७ माथि छलफल गर्दा वडा नं.३ को स्वास्थ्य चौकीको सम्बन्धमा मिति २०८०।०२।०४ गतेको अमिनको प्रतिवेदन अनुसार साविक भतौडा-२ हाल कलैया उपमहानगरपालिका वडा नं.३ को कि.नं.३४ को पश्चिम तर्फ स्थलगत निरीक्षण गर्दा नक्सामा सार्वजनिक बाटो रहेको र नक्सामा ११२ फिट चौडाई रहेको व्यहोरा प्राप्त भयो । सार्वजनिक बाटोको लागि पर्याप्त जग्गा(50 Feet) छोडी बाँकी रहेको जग्गामा नापी-नक्सा गरी स्वास्थ्य चौकी निर्माण गर्ने निर्णय गरियो ।

८. वडा नं.२१ को खानेपानी कम्पाउण्डबाल निर्माण सम्बन्धमा ।

निर्णयः प्रस्ताव नं.८ माथि छलफल गर्दा वडा नं.२१ मा "भोडाहा खानेपानी कम्पाउण्डवाल" निर्माण सम्बन्धमा अमिनको मिति २०८०।०१।२९ गतेको प्रतिवेदन अनुसार कलैया-२१ को उक्त जग्गाको स्थलगत निरीक्षण गर्दा योजना कार्यान्वयनमा रहेको जग्गा सार्वजनिक बाटोको जग्गा रहेको व्यहोरा प्राप्त भयो । तर बाटोको चौडाई बढी रहेकोले बाटोको लागि पर्याप्त जग्गा (50 Feet) छोडी नापी-नक्सा गरी भोडाहा खानेपानी कम्पाउण्डवाल निर्माण गर्ने निर्णय गरियो ।

९. कार्यविधि सम्बन्धमा ।

निर्णयः तपसिल बमोजिमको कार्यविधि कार्यपालिका बैठकमा पेश भएकोमा अध्ययन गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

(क) कलैया उपमहानगरपालिकामा ट्युशन तथा कोचिङ्ग कक्षा संचालन अनुमति कार्यविधि, २०८०

(ख) शैक्षिक पुरस्कार तथा सम्मान मापदण्ड, २०८०

(ग) व्यवसाय दर्ता सम्बन्धी कार्यविधि, २०८०

(घ) बहाल कर सम्बन्धी कार्यविधि, २०८०

(ङ) सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधी, २०८०

१०. ने.रा.नमूना मा.वि. मा निजी स्रोतमा कार्यरत शिक्षकको तलब सम्बन्धमा ।

निर्णयः नेपाल राष्ट्रिय नमूना माध्यमिक विद्यालय, कलैया-१, बारा मा कार्यरत निजी स्रोत शिक्षक श्री सरोज देवी साहलाई २०७९ श्रावणदेखि २०८० आषाढ मसान्तसम्म १३ महिनाको तलब (मासिक रु.१५०००।-) वापत रु.१,९५,०००।—(एक लाख पनचानब्बे हजार मात्र) र पोषाक खर्च वापत रु.१०,०००।—(दश हजार मात्र) गरी जम्मा २,०५,०००।—(दुई लाख पाँच हजार मात्र) नगर स्तरीय बजेटबाट भुक्तानी गर्ने निर्णय गरियो ।

११. कक्षा अपग्रेड गर्ने सम्बन्धमा ।

निर्णयः यस उपमहानगरपालिकाको वडा नं.२७ स्थित श्री ने.रा.आ.वि. बिजुलपुर-रामपुर र ने.रा.आ.वि. बरवा विद्यालयलाई कक्षा अपग्रेड गर्नका लागि २।२ लाख रकम धरौटी नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।साथै नगरपालिकाले व्यहोर्ने धरौटी वापतको रकम आगामी श्रावण/भाद्रमा धरौटी गर्ने निर्णय गरियो ।

१२. मेलमिलापकर्ताको लागि तालिम सम्बन्धमा ।

निर्णयः मिति २०८०।०२।१० गते देखि मेलमिलापकर्ताहरूको लागि तालिम संचालन तथा आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।